# नेपाल सरकार

प्रदेश प्रमुख

बागमती प्रदेश
हेटौंडा, मकवानपुर

## 'संविधान दिवस २०८०' को शुभकामना सन्देश

नेपाली जनताको लामो संघर्ष, त्याग र बलिदानपछि जननिर्वाचित प्रतिनिधीहरुले संविधान निर्माण गरी जारी गरेको ऐतिहासिक दिन हो आश्विन ३ गते। हामी यो दिनलाई भरपुर उत्साह र उमङ्गका साथ 'संविधान दिवस' का रुपमा मनाईरहेका छौं। सम्पूर्ण नेपालीहरुले राष्ट्रिय पर्वका रुपमा मनाउने यस  गौरवपूर्ण दिनका अवसरमा समस्त नेपाली दाजुभाई-दिदिबहिनीहरुमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्न चाहन्छु। साथै, विभिन्न आन्दोलनहरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने वीर सहिदहरुप्रति गहिरो सम्मान प्रकट गर्दै भावपूर्ण श्रद्धाञ्जलीअर्पण गर्दछु।

जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता तथा स्वतन्त्र निष्पक्ष र सक्षम न्यायपालिका र कानुनी राज्यको अवधारणा लगायत लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध रही समृद्ध राष्ट्र निर्माण गर्ने संकल्पसहित संविधान जारी भएको छ। जनजीविकाको लागि अपरिहार्य शिक्षा, स्वास्थ्य र रोजगारीको हकसहित ३१ वटा मौलिक हकको व्यवस्था गरी नागरिकहरुलाई यो संविधानले अधिकार सम्पन्न बनाएको छ। लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्धारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्ने मागरिखा समेत यही संविधानमार्फत कोरिएको छ।

हामीले प्राप्त गरेको संविधानले केन्द्रीकृत र एकात्मक राज्य व्यवस्थाद्वारा सिर्जित सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्दै जातीय, भाषिक, धार्मिक, सांस्कृतिक तथा भौगोलिक विविधतायुक्त नेपाली समाजलाई बृहत् राष्ट्रिय एकताको सुत्रमा बाँध्ने काम गरेको छ। राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व समेत उल्लेखित संविधानले परिकल्पना गरेको विकास र समृद्धिको शिखरमा पुग्ने अभियानमा निरन्तर अघि बढ्न यो दिवसले हामी सबैलाई प्रेरित गरोस् भन्ने कामना गर्दै पुनः एकपटक "संविधान दिवस २०८०" को अवसरमा सबैमा हार्दिक शुभकामना व्यक्त गर्दछु।

२०८० साल आश्विन ३ गते, बुधबार

यादवचन्द्र शर्मा
प्रदेश प्रमुख

नेपाल सरकार
प्रदेश प्रमुखको कार्यालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर